खुर्कोटको पुलबाट सार्वजनिक यातायात सञ्चालन

चिरञ्जीवी मास्के, सिन्धुली
डोरशंकर बरुवाल, रामेछाप

असोज ११ र १२ गते परेको अविरल वर्षाले क्षतिग्रस्त रामेछाप-सिन्धुली सिमानामा रहेको खुर्कोटको पुलमा मंगलबार दिउँसोबाट सार्वजनिक यातायात सञ्चालन भएको छ। पुनर्निर्माण पश्चात् भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दहाल र ऊर्जा जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङ (कान्छाराम) ले बेलिब्रिज पुलको उद्घाटन गरेका हुन्।

सुनकोशी नदीमा आएको बाढीले खुर्कोटको पुलको रामेछापतर्फ करिब ५ सय मिटर क्षति गरेको थियो। उक्त पुलमा नेपाली सेनाले कात्तिक ४ गते आइतबार मोडुलर प्यानल ब्रिज, एमपीबी (बेलिब्रिज) राख्ने काम सम्पन्न गरेको थियो। सिन्धुलीको गोलन्जोर गाउँपालिका-७ खुर्कोट र रामेछापको मन्थली नगरपालिका-६ को बेतिनी जोड्ने करिब १८ करोडको लागतमा १० वर्षअघि बनेको सुनकोशीको १ सय मिटर लम्बाइ रहेको छ। मोडुलर प्यानल ब्रिज, एमपीबी राखेर आवश्यक प्राविधिक परीक्षण गरेपछि सञ्चालन गरिएको खुर्कोटको पुलमा १५ टनसम्मको गाडी गुडाउन सकिने सडक डिभिजन कार्यालय खाल्टेका इन्जिनियर प्रदीप तमाङले बताउनुभयो।

वर्षाले पुल क्षतिग्रस्त बनाएपछि सरकारले उक्त पुल निर्माणको जिम्मा नेपाली सेनालाई दिएको थियो। नेपाली सेनाको चौध वाहिनी अड्डा गौचर काठमाडौंको प्राविधिक टोलीले असोज २२ गते एमपीबीबाट जडानको काम शुरु गरेको थियो।

नेपाली सेनाको चौध वाहिनी अड्डाको टोलीले नवौं दिनमा असोज ३० गते जडानको प्रारम्भिक काम सकेर दुई जिल्ला जोडेको प्राविधिक कामको नेतृत्व गरेका नेपाली सेनाको चौध वाहिनी अड्डाका मेजर चिरञ्जीवी चौलागाईंले बताउनुभयो।

तामाकोशी-मन्थली-खुर्कोट सडकअन्तर्गत एडीबीको सहयोगमा निर्माण भएको खुर्कोटको पुलको आधा भागमा वर्षापछिको बाढीले क्षति गरेको हो। ३ सय ६० फिट लम्बाइको खुर्कोटको पुलमा बाढीले १ सय ८० फिट क्षति गरेको र सोही ठाउँमा एमपीबी जडान गरिएको पुल निर्माणको नेतृत्व गरिरहेको नेपाली सेनाको चौध वाहिनी अड्डाका कर्नेल नारायण तुम्बाहाम्फेले बतानुभएको छ। पुलमा राखिएको बेलिब्रिजमा एकतर्फी मात्र यातायात सञ्चालन गरिने छ।

उक्त पुल निर्माणका लागि दशको समेत पर्वाह नगरी खटिने नेपाली सेनाको टोलीलाई संघीय सरकारका भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दहालले सम्मान गर्नुभएको थियो।

रामेछापको लाइफ लाइनका रूपमा रहेको खुर्कोट पुल बगाएपछि सवारीसाधन अरनिको राजमार्ग लगायत अन्य वैकल्पिक मार्ग प्रयोग गर्दै जिल्ला प्रवेश गर्ने गरेका थिए। पुल बगाउँदा रामेछापसहित ओखलढुंगा प्रवेश गर्ने यात्रुले समस्या भोग्नुपरेको थियो।

बालबालिकाले खाए भिटामिन

मुगु, (नेस)

कात्तिक २ र ३ गते जिल्लाका ५ हजार ७ सय ३९ बालबालिकाले जुकाको औषधि र भिटामिन-ए क्याप्सुल खएका छन्। यस अभियानअन्तर्गत छायाँनाथ रारा नगरपालिका, सोरु गाउँपालिका, खत्याड गाउँपालिका र मुगुम कार्मारोङ गाउँपालिकाका सबै वडामा यो कार्यक्रम सञ्चालन भइरहेको थियो।

स्वास्थ्य सेवा कार्यालय मुगुको समन्वयमा सञ्चालन गरिएको अभियानमा २ सय १६ जना स्वास्थ्य स्वयंसेविकाका साथै स्वास्थ्यकर्मीहरू भिटामिन ए र जुकाको ओषधि खुवाउने काममा खटिएका थिए। ६ महिनादेखि ५ वर्षका सबै बालबालिकाको पोषणको अवस्थाको समेत चेक जाँच गर्ने गरिएको जिल्ला अस्पताल मुगुका सूचना अधिकारी पशुराम नेपालीले बताउनुभयो।

'जुकाको औषधि (अल्बेन्डा झोल) ले जुका मार्ने र कुपोषण हुनबाट बचाउँछ। भिटामिन 'ए' क्याप्सुलले आँखाको नजरमा सुधार ल्याउने र शरीरको वृद्धि विकासमा टेवा पुऱ्याउने छ।' -उहाँले भन्नुभयो।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गैडाकोट, नवलपरासीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८१/०७/०७ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण
गंगाराम श्रेष्ठको बुहारी, नारायण श्रेष्ठको पत्नी, चितवन जिल्ला, साविक भरतपुर गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. ५ बस्ने **वेविसा श्रेष्ठ** (ना.प्र.नं. १९२७१/०६२, जारी मिति २०६३/०३/०७, जि.प्र.का. चितवन)।	मित्रलाल श्रेष्ठको नाति, गंगाराम श्रेष्ठको छोरा, चितवन जिल्ला, साविक भरतपुर उ.म.न.पा./गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा./गा.पा. वडा नं. ५ बस्ने **नारायण श्रेष्ठ** (ना.प्र.नं. ३५/२८३७/०४४, जारी मिति २०५५/१०/१३, जि.प्र.का. चितवन)।
धितोको विवरण	
वेविसा श्रेष्ठ (ना.प्र.नं. १९२७१/०६२, जारी मिति २०६३/०३/०७, जि.प्र.का. चितवन) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको साविक नवलपरासी जिल्ला, प्रगतिनगर गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. २२१९ को क्षेत्रफल ०-१-३.२५ (विघा) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।	

Siddhartha Bank
शाखा कार्यालय : गैडाकोट, नवलपरासी
फोन नं. ०७८-५०१७३९
Website : www.siddharthabank.com

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मितिः २०८१/०७/०७

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय नारायणगढ, चितवनबाट तपसिलमा उल्लेखित तपाई ऋणीले आवधिक कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०८१/०५/०२ मा कारोबार राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्ता गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको साँवाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय नारायणगढ, चितवनमा दिउँसो १:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

ऋणीको नाम र ठेगाना	कम्पनीको संचालक तथा जमानीकर्ताको नाम र ठेगाना
ऋणीको नाम : डुंगा रिसोर्ट प्रा.लि. दर्ता नं. : २६०००१/०७७/०७८ (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टार्डको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं) पान नं. : ६०९९७७१२३ ठेगाना : रत्ननगर-०६, सौराहा, चितवन	**नाम : टोक राज खतिवडा** बाबु : रुद्र प्रसाद खतिवडा बाजे : मुक्तीनाथ खतिवडा ठेगाना : बछौली गा.वि.स.-०९, चितवन हाल : रत्ननगर न.पा.-०६, चितवन ना.प्र.नं. : ३५६२४ जारी मिति : २०४५/०२/०५ जि.प्र.का : चितवन
जमानीकर्ताहरुको नाम र ठेगाना	
१. नाम : सावित्रा खतिवडा बाबु : बद्रीनाथ खनाल पति : टोक राज खतिवडा ससुरा : रुद्र प्रसाद खतिवडा ठेगाना : बछौली गा.वि.स.-०९, चितवन हाल : रत्ननगर न.पा.-०६, चितवन ना.प्र.नं. : ४५९६/०६२ जारी मिति : २०६२/१०/०२ जि.प्र.का : चितवन	**२. नाम : समिप खतिवडा** बाबु : टोकराज खतिवडा बाजे : रुद्र प्रसाद खतिवडा ठेगाना : रत्ननगर न.पा.-१९, चितवन हाल : रत्ननगर न.पा.-०६, चितवन ना.प्र.नं. : ३५-०१-७३-०२९१३ जारी मिति : २०७३/०२/२५ जि.प्र.का : चितवन

धितो राखिएको सम्पत्तिको विवरणः

धितो सुरक्षण धनीको नाम : डुंगा रिसोर्ट प्रा.लि.

जिल्ला	न.पा/गा.वि.स.	वडा नं/नक्सा सिट	कि.नं.	क्षेत्रफल (ब.मि.)	कैफियत
चितवन	बछौली	३/३ख	१०४४	३९८२.६०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय वा शाखा कार्यालय नारायणगढ, चितवनमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८१/०७/२३ गते, शुक्रबार
समय :- दिउँसो १:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय नारायणगढ, चितवन।

Citizens Bank
मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सितापाईला

बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रकाशित मितिः २०८१/०७/०७

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट हुने तपसिल अनुसारको निर्माण तथा खरिद कार्यका लागि इजाजत प्राप्त निर्माण व्यवसायी तथा आपूर्तिकर्ताहरुबाट रितपूर्वकको ३० दिने विद्युतीय बोलपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएको छ। सोको विस्तृत विवरण PPMO को website: www.bolpatra.gov.np/egp मा हेर्न सकिने छ।

तपसिल

S. N.	Contract Identification no.	Name of project	Estimated amount (Exclusive of VAT & PS)	Bid Security Amount (Nrs.)	Bid Document fee (Nrs.)
1	Nagarjun/NCB/W/04/2081-82	Kalidevi Mandir Ward No.7 Bata Ward No.6 Jodne Sadak Staronnati	42,12,904.41	1,40,000.00	3,000.00
2	Nagarjun/NCB/W/05/2081-82	Ward No 1, 2, 3 Hudai Nashi Dhoka Dekhi Gairi Gaun Sadak Staronnati	84,27,495.37	2,80,000.00	3,000.00
3	Nagarjun/NCB/G/01/2081-82	Supply and Fitting of Street Lights	-	3,80,000.00	3,000.00

प्रमुख प्रशासकीय अधिकृत

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Alternative Energy Promotion Centre (AEPC)
Tahachal, Kathmandu, Nepal
Phone: +9771-4598013, 4598014 Fax: 01-5542397
Website: www.aepc.gov.np, Email: info@aepc.gov.np

REQUEST FOR PROPOSAL

Contract Identification Number: AEPC/SES/RFP/2081/82-01
Date of Notice Publication: 23 October 2024

Alternative Energy Promotion Centre (AEPC), a National focal agency promoting renewable energy technologies in Nepal, is currently executing various Renewable Energy Programs with the support of the Government of Nepal and various international development partners. AEPC hereby Requests for proposals (RFP) from eligible Consulting Firms/Institutions for the tasks **"Preparation of Detailed Feasibility Study (DFS) for Implementation of Solar Mini Grid (SMG) Projects".**

- The proposal must contain **Technical and Financial** proposals sealed **in Separate Envelopes.** Both the sealed proposals must be sealed in another single envelope mentioning **Title** of the task and **RFP Number.**
- Detailed RFP (with ToR) for the above task can be downloaded from **www.aepc.gov.np** or can be obtained from AEPC, Tahachal, Kathmandu, Nepal.
- Proposal (in Hard Copy) must be delivered manually to the address above by **12:00 hour's local time** on or before **10 November 2024.**
- Received Proposal **(Technical)** shall be opened in the presence of Proponents' representatives who choose to attend at **12:30 P.M. on 10 November 2024** at the office of **AEPC, Tahachal, Kathmandu, Nepal.**
- The method of consultant selection will be **Quality and Cost Based Selection (QCBS), 80:20** weightage for Technical and Financial proposals respectively.
- Other details are available in the RFP document.

मोटरसाइकल हराएको सूचना

मिति २०८१/०७/०३ गते बागमति प्रदेश ०२-०४९ प ०४८९ नम्बरको रातो कालो रंग बजाज २७ पहचर २२० सि. सि. को मोटरसाइकल काडमान्डु महानगर पालिका वडा नम्बर -६ टोखा ग्रिन सिटी इसपग्रह बाट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

सवारी धनीको नाम :- **बद्री बलामि**
ठेगाना : - नुवाकोट, ककनी गाउँपालिका वडा नं. -१
इन्जिन नं. : DKXCNM 39565
च्यासिस नं.: MD2A13EXINCM85239
सवारी धनीको सम्पर्क नं.**९८६२९१५३४६**

चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक
बाग्मती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०८१/०७/०७)

चौतारा सागाचोकगढी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकबाट मिति २०८१/०५/१६ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रित पुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रदाताहरुको बोलपत्र मुल्यांकन गर्दा न्युनतम मुल्याङ्गीत सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिने भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं.	निर्माण कार्यको प्रकृति	न्युनतम मुल्याङ्गीत सारभुत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक रु. (भ्याट, कन्टिजेन्सी र PS बाहेक)
१	CSGM/NCB/ WORKS 03/2081/082	Upgrading Works Of Jalkeni Karkitar Sukute Road Sector, CSGM-10	Kailashpuri Nirman Sewa, Gokarneshor - 8, Kathmandu	८१,४२,७२८.४७
२	CSGM/NCB/ WORKS-04/ 2081/082	Upgrading work of Panichaur Soarathok Road Sector, Ward no-12	Kailashpuri Nirman Sewa, Gokarneshor - 8, Kathmandu	८८,२५,८२१.५६

प्रमुख प्रशासकीय अधिकृत
चौतारा साँगाचोकगढी नगरपालिका